## सर्वोच्च अदालतबाट जारी
## प्रेस विज्ञप्ती

सिंगो मानव जाति महामारीको रूपमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को प्रकोपसंग जुधिरहेको छ। नेपालमा पनि यो संक्रमण फैलिने सम्भावना देखिएकोले सोको रोकथाम र निर्मूल गर्न नेपाल सरकारले मिति २०७६।१२।१२ गते देखि १८ गते सम्म लागू हुने गरी अत्यावश्यक परेबाहेक घरबाट बाहिर ननिस्कन र सुरक्षितसाथ रहन भन्दै अन्य विभिन्न आदेशहरु जारी गरेको छ। सर्वोच्च अदालतको पूर्ण वैठकले निर्णय गरी अदालतहरूले प्रवाह गर्ने अधिकांश सेवाहरूको स्थगन र बन्द गरी केही अत्यावश्यक सेवामात्र सन्चालन गर्ने, सो प्रयोजनको लागि अत्यावश्यक र न्यून संख्यामा मात्र जनशक्तिको उपस्थितिको प्रबन्ध गरी अन्य जनशक्तिलाई सम्पर्कमा रही आफू रहेको स्थानबाटै सेवा प्रदान गर्न ( Service From Home/Office at Home) तथा खोजेको बखत उपलब्ध हुन परिपत्र, विज्ञप्ती समेत जारी गरिसकेको छ।

सरकारबाट नेपालभर कोरोनाको संक्रमणको रोकथाम र निर्मूल गर्न गरिएको/भएको आदेश, सर्वोच्च अदालतबाट जारी निर्देशन, परिपत्र, विज्ञप्तीबमोजिम अत्यावश्यक र कम संख्याका तोकिएका जनशक्तिबाहेक अरू घरमै बसी आफू र आफ्नो परिवार एवम् समाज समेतलाई संक्रमण हुनबाट जोगिन र जोगाउन सावधानीपूर्वक सुरक्षितसाथ रहन अपील गर्दै लकडाउनको अवधिमा खाध्यबस्तु, औषधीको अभाव वा अन्य कुनै अप्ठ्यारा वा समस्या आईपरेमा न्यायपालिकामा कार्यरत जनशक्तिहरूले सर्वोच्च अदालत र उपत्यकाका अदालतहरूको हकमा देहायबमोजिमका अधिकृतहरूसँग र अन्य अदालतहरू, न्यायाधिकरणहरूका हकमा सम्बन्धित रजिस्ट्रार , स्रेस्तेदारहरूसँग सम्पर्क र समन्वय गर्नुहुन र तोकिएका अधिकृत, सम्बन्धित रजिस्ट्रार, स्रेस्तेदारहरूले पनि समन्वय गरी सहयोगको उपयुक्त र आवश्यक प्रबन्धको लागि सहजीकरण गरिदिन न्यायपालिकामा कार्यरत सम्पूर्ण जनशक्तिहरुको जानकारीको लागि अनुरोध गर्दछु।

<u>देहाय</u>

| | |
|---|---|
| सह रजिस्ट्रार श्री नारायणप्रसाद रेग्मी | ९८४२०५०५१० |
| रजिस्ट्रार श्री बाबुराम दाहाल | ९८५१०८४४१० |
| स्रेस्तेदार श्री आनन्दप्रसाद श्रेष्ठ | ९८४६०३७३२८ |
| स्रेस्तेदार श्री नगेन्द्रकुमार कालालखेती | ९८४१३५७३२८ |
| स्रेस्तेदार श्री घनेन्द्रप्रसाद अधिकारी | ९८४१२७६२०८ |
| उप रजिस्ट्रार श्री राजु ढुंगाना | ९८५१००३४६७ |
| उपरजिस्ट्रार श्री देवेन्द्र ढकाल | ९८४१३४०३७७ |
| शाखा अधिकृत श्री नीतिज राई | ९८४१०००८७५ |
| शाखा अधिकृत श्री राजकुमार गुरुङ | ९८५१०२४९७१ |

मिति २०७६।१२।१३

नृपध्वज निरौला
मुख्य रजिस्ट्रार